आज मिति २०७७/०२/२८ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ५३ औ बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख
श्री कमला बस्नेत .......................नगर उप प्रमुख
श्री मान बहादुर खड्का.....................प्रमुख प्रसासकिय अधिकृत
श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १
श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २
श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३
श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४
श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५
श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६
श्री कैलाश कुमार श्रेष्ठ ................ वडा अध्यक्ष भी.न.पा. ७
श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८
श्री चित्र बहादुर भुजेल ...................वडा अध्यक्ष भी.न.पा. ९
श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य
श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,
श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,
श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,
श्री गौरी थामी ......................... कार्यपालिका सदस्य,
श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,
श्री जमुना श्रेष्ठ ........................ कार्यपालिका सदस्य,
श्री किरण वली..................... . कार्यपालिका सदस्य,
श्री रामचन्द्र पौडेल ........................उपसचिव (शिक्षा) आमन्त्रित
श्री माधव प्रसाद सुबेदी ...................प्रशासकीय अधिकृत बैठक ब्यबस्थापक

**मिति २०७७/०२/२८**
**समय : बिहान ११: बजे**
**स्थान : भीमेश्वोर सदन**

# ५३ औँ कार्यपालिका बैठकका प्रस्ताब तथा निर्णयहरु

**निर्णय नं . १**:- प्रस्ताव नं १ माथि छलफल गर्दा चालु आ.व.मा विनियोजित बजेट तथा कार्यक्रमहरुको हालसम्मको भौतिक तथा वित्तीय प्रगति र हालसम्मको कार्यान्वयन अवस्थाको समीक्षा गरियो ।

**निर्णय नं . २**:- प्रस्ताव नं २ माथि छलफल गर्दा कोरोना भाइरस रोग कोभिड १९ संक्रमण नियन्त्रण सम्बन्धमा हालसम्म गरिएका प्रयास आगामी दिनमा अपनाउनुपर्ने रणनीतिको समीक्षा एवं खर्चको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** :- प्रस्ताब नं. ३ माथि छलफल गर्दा बागमती प्रदेश सरकारको आ.व. ०७७/७८ को नीति तथा कार्यक्रममा "**प्रदेश अस्पताल नभएका जिल्लामा स्थानीय तहको सहमतिमा स्वास्थ्य सस्थालाई स्तरोन्नति गरी प्रदेश अस्पताल बनाईने छ**" भन्ने ब्यबस्था भएकोमा दोलखा जिल्लाको सदरमुकाम चरिकोटमा जिल्ला अस्पताल समेत नभएकोले सदरमुकाम चरिकोट स्थित प्राथमिकमा स्वास्थ केन्द्रमा रहेको प्रस्तावित चरिकोट अस्पताल ( ५०बेडमा संचालन भएको ) लाई स्तरोन्नति गरी कम्तिमा ५० सैया नघट्ने र हालको सुबिधा कायम रहने गरी प्रादेशिक अस्पताल बनाउन बागमती प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** :- प्रस्ताब नं. ४ माथि छलफल गर्दा आगामी आ.व. ०७७/७८ को बार्षिक योजना तर्जुमा कार्यलाई ब्यबस्थित र बस्तुनिस्ट बनाउन देहाए बमोजिमका अधिकृत कर्मचारीहरु सहजीकरणका लागि परिचालन गर्ने निर्णय गरियो ।

| क्र.स. | वडा नं. | खटिने कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | १ र ९ | श्री सुरेश राउत | ईन्जीनियर | |
| २ | २ | श्री जगदीश अर्याल | आ.प्र. प्रमुख | |
| ३ | ३ र ६ | श्री कृष्णबहादुर कार्की | कार्यक्रम अधिकृत | |
| ४ | ४ | श्री माधव प्रसाद सुबेदी | प्रशासकीय अधिकृत | |
| ५ | ५ | श्री नारायण प्रसाद सेढाई | बरिष्ठ कार्यक्रम अधिकृत | |
| ७ | ७ र ८ | श्री राम्जी थापा | ईन्जिनियर | |

**निर्णय नं. ५** :- प्रस्ताब नं. ५ माथि छलफल गर्दा उप प्रमुखको तोक आदेशमा कार्यान्वन भएका देहाए बमोजिमका योजना तथा कार्यक्रमहरु महिलासग उप मेयर कार्यक्रम शिर्षकबाट भुक्तानी भएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | प्रस्तावक सस्थाको नामा | योजना / कार्यक्रम | वडा नं. | स्वीकृत रु | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ५ नं. वडा कार्यालय | बेमौसमी तरकारी खेती | ५ | २,४३,०००/- दुइलाख त्रिचालिस हजार | पलास्टिक टनेल , बिउ खरिद र ढुवानी समेत |
| २ | सामुदायिक मेलमिलाप कर्ता समाज | सामुदायिक मेलमिलाप कर्ताहरुका लागि पुनर्ताजगी तालिम | ३ | १,००,०००/- | नगरस्तरीय |
| ३ | उत्पीडित महिला मुक्ति समाज | महिलाहरुका लागि च्याउ खेति तालिम | ६ | ७०,०००/- सत्तरी हजार | २५ जना महिला |
| ४ | आवाज नेपाल, दोलखा | जोखिममा रहेका महिला तथा बालबालिकाहरुका लागि आवास गृह ब्यबस्थापन | ३ | ३,००,०००/- तीनलाख | जोखिममा रहेका महिला तथा बाल बालिकाहरुका लागि खाना तथा सर सफाईका सामान खरिद |
| ५ | नगरस्तरीय महिला अधिकार मंच | महिलाहरुका लागि उद्यमशिलता विकास कार्यक्रम | ३ | ८५,०००/- पचासी हजार | २७ जना महिला सहभागी (उद्घोषण तालिम ) |
| ६ | मिलिजुली महिला समूह | महिलाहरुका लागि उद्दमशिलता विकास तालिम | ४ | ७५,०००/- पचहत्तर हजार | २५ जना सहभागी लाई तालिम |
| ७ | नेपाल रेडक्रस सोसाइटी, दोलखा | Bloodbank ब्यबस्थापन तथा रक्त संचार सामग्री खरिद कार्यक्रम | ३ | ७५,०००/- पचहत्तर हजार | जिल्लास्तर |
| ८ | कुरादा समाज उत्थान समिति | ब्यबसायिक मौसमी तथा बेमौसमी तरकारी खेति ब्यबस्थापन र संचालन | २ | ४,२९,६००/- (चारलाख उनन्तिस हजार छ सय ) | ५० थान पलास्टिक टनेल खरिद तथा दुइदिने तालिम समेत |
| ९ | क्रियाशिल महिला पत्रकार समूह | कोरोना जोखिममा महिला पत्रकारका चुनौती र भूमिका | ३ | १,५०,०००/- (एकलाख पचास हजार ) | २५ जनालाई ३ दिने अन्तरक्रिया कार्यक्रम |

**निर्णय नं. ६** :- प्रस्ताब नं. ६ माथि छलफल गर्दा नगर प्रमुखको तोक आदेशमा कार्यान्वन भएका देहाए बमोजिमका योजना तथा कार्यक्रमहरु जनतासंग मेयर कार्यक्रम तथा अन्य स्वीकृत शिर्षकबाट भुक्तानी भएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र .स. | योजना / कार्यक्रम | वडा नं. | स्वीकृत रु | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | धनपाते – भिर्मुनी सडक निर्माण | ५ | १,५०,०००/- | सडक बिस्तार |
| २ | तार्थली पुकुर्चा खोथाप्ले पहिरो नियन्त्रण | ३ | ५०,०००/- | बाटोमा पहिरो पन्छाउन |
| ३ | बाहुनकाटे पोखरे खेलमैदान स्तरोन्नति | ९ | १,००,०००/- | एकवडा एक खेलमैदान |
| ४ | सेतिचन्द्र भूमे मन्दिर, मदनाश्रित मार्ग सुधार | ९ | ४,००,०००/- | EBA २ कार्यक्रम बाट |
| ५ | दिमाल सा.व. (वातावरण सुधार , वृक्षारोपण कार्यक्रम ) | ९ | ५,००,०००/- | EBA २ कार्यक्रम बाट |
| ६ | थुम्का डाँडा सा.व.(लोठसल्ला सल्ला , डालेघास ) | ९ | ५,००,०००/- | EBA २ कार्यक्रमबाट |
| ७ | सामुदायिक विकास मंच भवन | ४ | २,००,०००/- | झ्याल,ढोका,शौचालय निर्माण |
| ८ | चामसाली सडक मर्मत | २ | १,५०,०००/- | |
| ९ | कोर्छे-डोकलुङ्गा ढल निर्माण | २ | १,००,०००/- (एकलाख ) | सडक फुटपाथ शिर्षकबाट |
| १० | टाइगर टिम खानेपानी उपभोक्ता स. | २ | २,००,०००/- (दुईलाख) | एकघर एक धारा शीर्षकबाट |
| ११ | सातदोबाटो-चरिघ्याङमार्ग निर्माण उपभोक्ता समिति | ३ | ७,००,०००/- (सातलाख) | चरिकोट बजार फुटपाथ निर्माण शिर्षकबाट |
| १२ | चित्रे बोक्टे जमदारटोल सडक मर्मत | ९ | ५०,०००/(पचास हजार) | जनतासंग मेयर कार्यक्रम |

**निर्णय नं. ७** :- प्रस्ताब नं. ७ माथि छलफल गर्दा नेपाल सरकारले घोषणा गरेको स्थानमा औद्योगिक ग्राम स्थापना गर्ने सम्बन्धमा यस नगरपालिका र उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय र यस नगरपालिका बिच भएको छ । संझौता बमोजिम यस नगरपालिकाले आफ्नै श्रोतमा बिस्तृत परियोजना प्रतिवेदन (DPR ) तयार गराई स्वीकृत गरी सकेको अवस्था छ ।
मन्त्रालय र यस नगरपालिका बीच भएको समजदारी पत्र बमोजिम प्राप्त रु ९२,००,०००/- (बयानब्बे लाख) बाट जग्गा विकास तथा पहुच मार्ग निर्माण जस्ता कार्यहरु तत्कालै गर्नुपर्ने भएको छ । उक्त कार्य सार्वजनिक खरिद प्रक्रिया बाट गर्न बन्दाबन्दिको कारण संभव नभएकोले उक्त कार्य उपभोक्ता समिति मार्फत गर्न लागत ईष्टिमेट तयार गरी कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।
**निर्णय नं. ८** :- प्रस्ताब नं. ८ माथि छलफल गर्दा भीमेश्वोर नगर क्षेत्रबाट उत्पादन हुने फोहोरमैलालाई श्रोतमा नै छुट्याई कुहिने फोहोरबाट प्राङ्गारिक् मल उत्पादन गर्ने पुनाचक्रिय फोहोरलाई बिक्रि गर्ने ब्यबस्था मिलाउने लगायतका कार्यहरु गर्न सरसफाई केन्द्र निर्माण गर्नु वान्छनीय भएको छ हाल प्रयोग भएको स्थान वातावरणीय रुपमा उपयुक्त नभएको र फोहोरमैला ब्यबस्थापन गर्न जग्गा प्राप्त गर्ने विषय कठीन भएको छ ।

उपरोक्त सम्बन्धमा संलग्न नीजि साझेदारी सस्था एडीबीले हाल भीमेश्वर ७ भुलभुले औधोगिक ग्राम पूर्वाधार निर्माणाधीन रहेको जग्गा नजिक यस प्रयोजनको लागि जग्गा खरिद संझौता पेश गरी सार्वजनिक निजि साझेदारिमा सरसफाई केन्द्र (MRF) निर्माण गर्न प्रस्ताब पेश गरेको छ । हालसम्म नगरपालिकाको सार्वजनिक निजि साझेदारी कानुन बनि नसकेको र सरसफाई केन्द्र पूर्वाधार निर्माण गर्दा निजि क्षेत्रको जमिनमा लगानी गर्न उपयुक्त देखिदैन । उक्त कानून बनेपछि सोहि बमोजिम हुनेगरी नगरपालिकाको नाममा चार रोपनिसम्म जमिन साझेदार सस्थाले बिक्रि गर्ने गरी लिखित सहमति लिई हाल सो शिर्षकमा विनियोजित बजेट उपभोक्ता समिति मार्फत सरसफाई केन्द्र पूर्वाधार निर्माण गर्न कार्यान्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** :- प्रस्ताब नं. ९ माथि छलफल गर्दा कोरोना भाईरस रोग संक्रमणको उच्च जोखिम रहेको अवस्थामा समेत स्वास्थकर्मीहरु,जनप्रतिनिधिहरु तथा राष्ट्रसेवक कर्मचारीहरुले नागरिक संगको सम्पर्क रहि सेवा प्रवाहलाई सुचारु राख्नुपर्ने भएकोले यस नगरपालिका र अन्तर्गत सम्बद्ध नगर सभा सदस्यहरु ,स्वास्थ सेवा लगायतका सम्पूर्ण स्थायी, अस्थायी एवम कारार सेवाका राष्ट्रसेवक कर्मचारीहरु र फोहोरमैला ब्यबस्थापनमा संग्लन जनसक्ति समेतले २०७७ असार मसान्त भित्र कोरोना भाईरस रोग बिरुद्ध रु १,००,०००/- (एकलाख) सम्मको बीमा गर्ने र सो को प्रिमियम नगरपालिकाको विपद ब्यबस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** :-प्रस्ताब नं. १० माथि छलफल गर्दा मालपोत कार्यालय दोलखाबाट आगामी आ.व.०७७/७८का लागि रजिस्ट्रेसन प्रयोजनका लागि नगरपालिका क्षेत्रका जग्गाको साबिक मुल्यांकनमा परिवर्तन गर्नुपर्ने भए खुलाई पठाई दिन भनि आएकोमा कोभिड १९ को प्रभावले आर्थिक क्षेत्रमा पारेको नाकारात्मक प्रभाव समेतलाई मध्यनजर गर्दै आ.व.०७७/७८का लागि पनि साबिकै बमोजिम मुल्यांकन कायम गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** :- प्रस्ताब नं.११ यस नगरपालिकाको वडा नं. ६ मा हालसम्म कुनै प्रकारका स्वास्थ चौकी नभएकोमा नेपाल सरकारको आ.व. ०७४/७५ को नीति कार्यक्रमबाट २ बर्ष भित्र आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालन गर्न स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन कार्यविधि २०७६ (संसोधन सहित ) बमोजिम नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट चालु आ.बा मा यस नगरपालिकालाई Type 2 को आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन गर्न प्राप्त रकमबाट वडा नं. ६ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२** :- प्रस्ताब नं.१२ यस नगरपालिकाका विभिन्न वडाहरुमा संचालन भइरहेका प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल

क ) कामका लागि पारिश्रमिक आयोजनामा खटिने सर्मिकको ज्याला भुक्तानी अनिवार्य रुपमा बैंक खातामा गर्ने भनिएकोमा सबै श्रमिकको खाता खोल्न नसकिने अवस्था भएमा उपभोक्ता समितिको खातामा व सो पनि सम्भव नभएमा भर्पाइ गराई नगदै भुक्तानी गरिने छ।

ख ) कामका लागि पारिश्रमिक आयोजनामाआवश्यक सामाग्री व औजारहरु उपभोक्ता समितिको निवेदन अनुसार यस नगरपालिकाको कार्यालयले खरिद गरी उपलब्ध गराउने छ ।

ग ) यस आर्थिक बर्षका लागि कामका लागि पारिश्रमिक आयोजनामा खटिने श्रमिकको ज्याला प्रचलित जिल्ला दररेट बमोजिम हुनेछ ।

**निर्णय नं. १३** :- प्रस्ताब नं.१३ माथि छलफल गर्दा देश संघीयतामा सगै जनताले सरकारी सेवा वडास्तरबाटै उपलब्ध गराउनु वान्छनीय छ । यसरी स्थानीय स्तरबाटै सेवा प्रवाह गर्न सस्थागत विकास हुनु अनियावार्य रहेको छ ।
यसै कुरालाई मनन गरी यस नगरपालिकाको आ.व. ०७५/७६को नीति कार्यक्रमबाट ब्यबस्था भए अनुसार सबै वडा कार्यालयहरु क्रमस आफै बनाउदै जाने क्रममा वडा नं. ६ को वडा कार्यालय ब्यबस्थापन गर्न साविकमा रहेको महांकाल प्रा.बि. लाई अन्यत्रै ब्यबस्थापन गरी वडाका अधिकांस जनतालाई पायक पर्ने स्थानमा रहेको उक्त भवनलाई आ.व ७७/७८ को शुरुबाटै वडा कार्यालयले प्रयोग गर्ने गरी ब्यबस्था गर्नु परेको छ ।
अत: साविकमा रहेको महांकाल प्रा.बि. भवनलाई मर्मत सम्भार तथा अन्य भौतिक सुबिधा सम्पन्न गरी संचालन गर्न प्राबिधिक लागत ईष्टिमेट रु २४,४६,३७७/१४ देखिएको हुदा उक्त कार्य उपभोक्ता समिति मार्फत सम्पन्न गर्नेगरी वडा कार्यालय भवन शिर्षकमा विनियोजित बजेटबाट रु २१,००,०००/-( एक्काईस लाख ) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४** :- प्रस्ताब नं.१४ माथि छलफल गर्दा निर्णय नं . १३ अनुसारको महांकाल प्रा.बि. लाई वडा नं. ६ को चोथाङ्मा रहेको सार्वजनिक जग्गामा ब्यबस्थापन गर्ने र सो कार्यका लागि जग्गा ब्यबस्थापन, ह्युम पाइप खरीद, खेलमैदान निर्माण तथा पहुच मार्ग निर्माण लगायातका कार्य गर्न प्राबिधिक लागत ईष्टिमेट रु १२,४२,८५५/४६ देखिएको हुदा उक्त कार्य उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने गरी वडा कार्यालय भवन शिर्षकमा विनियोजित बजेटबाट रु १०,००,०००/-( दश लाख ) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५** :- प्रस्ताब नं.१५ माथि छलफल गर्दा कोभिड १९, को महामारी नियन्त्रणको कार्यमा समेत निरन्तर खटिनुपर्ने बर्तमान अवस्थामा राष्ट्र सेवकको पहिचान झल्कने पोशाकमा एकरुपता ल्याउन शहरी स्वास्थ्य केन्द्रहरुमा कार्यरत सेवा करारका राष्ट्रसेवक तथा कानुनी सहजकर्ता समेतलाई चालु आर्थिक वर्षका लागि पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।
बिबिध

**क ) निर्णय नं ७** बमोजिमको कार्य उपभोक्ता समितिले गर्ने भनिए तापनि उक्त कार्य नगरपालिकाको भएको र उपभोक्ता समितिबाट श्रमदान उठाउन कठीन भएकोले श्रमदानको अम्स ५% मात्र कायम गर्ने निर्णय गरियो ।

**ख )** राष्ट्रिय युवा परिषदबाट आ.व. ०७६/७७ मा उवा उद्यम विकास घुम्ती कोष वापत प्राप्त रु ५,००,०००/-(पांचलाख ) एक स्थानीय तह एकवडा एक युवाक्लब एक उद्योग कार्यक्रम संचालन कार्यविधि २०७६ को बुदा नं. ७ बमोजिम यस नगरपालिकाको वडा नं १ लाई छनौट गर्ने निर्णय गरियो ।

**ग)** यस नगरपालिकाको मुख्य प्रशासनिक भवन (ANNEX BUILDING) निर्माण कार्यका लागि मिति २०७६/२/२७ मा अबिसा निर्माण सेवा प्रा.लि. संग भएको र संझौता बमोजिम कार्य गर्दा बर्षादको कारण पहिरो गई माटो हटाई शेरवाल वाटरपुरुफिंग लगायतका थपकार्य गर्नुपर्ने

भएकोले BOQ मा देहाय बमोजिम variatation order भई आएको रकम स्वीकृत गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

१) Foundation footings रु ३,९८,२२६/७०

२) Waterproofing admixture silica cement miture with ५% रु ६,१८,४३१/

३) Dismental of RCC Work रु ४१,५०७/८१

४) Removal of unserviceable debris including loding and disposal रु ४,३४,३०९/०३

५) Disposal of eroded debris रु ९५,६७७/१५

६) Grand Total (जम्मा) रु१७,९४,६११/४२( सत्रलाख चौरानब्बे हजार छ सय एघार रुपैया पैसा बयालीस)